# जिल्ला समन्वय समितिको बैठक संख्या ३८ मिति २०८२ माघ २० गतेको बैठकका प्रस्ताव तथा निर्णयहरु

| सि.नं. | प्रस्ताव | निर्णयको बेहोरा |
|---|---|---|
| १) | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | जिल्ला समन्वय समितिको बैठक संख्या ३८ मिति २०८२ पुस २० गते बसेको बैठकका निर्णयहरुको कार्यान्वयन प्रगतिको सम्बन्धमा जिल्ला समन्वय अधिकारीद्वारा प्रस्तुत विवरण माथि छलफल तथा समीक्षा गरियो। कार्यान्वयन नभएका निर्णयहरु शीघ्र कार्यान्वयनको वातावरण मिलाउने निर्णय गरियो । |
| २) | निर्वाचन सम्बन्धी कार्यमा सहजीकरण सम्बन्धमा | आगामी २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन कार्यक्रम अनुसार निर्वाचनसम्बन्धी कार्यमा जिल्ला समन्वय समितिकोतर्फबाट आवश्यकतानुसार निर्वाचन सम्बन्धी कार्यमा सहयोग, सहजीकरण तथा समन्वय गर्दै निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यमा आवश्यकतानुसार सहयोग तथा सहजीकरणका लागि जिल्लास्थित सबै गाउँपालिका तथा नगरपालिकाहरुलाई अनुरोध गरी पठाउने निर्णय गरियो । |
| ३) | निर्वाचन आचार संहिता पालना सम्बन्धमा | मिति २०८२ फागुन २१ गते हुने आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन कार्यक्रमको लागि निर्वाचन आयोगद्वारा जारी निर्वाचन आचारसंहिता, २०८२ मा उल्लिखित आचारसंहिता जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुले पालना गर्ने र निर्वाचन आचारसंहिता पालना सम्बन्धमा स्थानीय तहलाई समेत अनुरोध गरी पठाउने निर्णय गरियो । |
| ४) | ज्यालादारीमा कर्मचारी व्यवस्थापन सम्बन्धमा | जिल्ला समन्वय समितिको कार्यालयमा हलुका सवारी चालक पदको दरबन्दी संख्या २ रहेकोमा हाल एक जना सवारी चालक मात्र कार्यरत रहेको र निजले समेत कार्य गर्न अनिच्छुक रहेकाले पद रिक्त भएको अवस्थामा निर्वाचन सम्बन्धी कार्यमा समेत यस कार्यालयको गाडीको पालो परेकाले पदपूर्ति प्रक्रियाका लागि आयोगसँग सहमति माग गर्ने र करार पदपूर्ति नभएसम्मको अवधिका लागि ज्यालादारीमा भुक्तानी हुने गरी हलुका सवारी चालकको व्यवस्था गर्ने निर्णय गरियो । |
| ५) | भत्काइएका पुरानो भवनका मालसामान उपयोग तथा राजस्व असुली सम्बन्धमा | जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको साविक जिल्ला विकास समितिको कार्यालयको सभा हल र क्वाटर भवन रहेको स्थानमा सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने प्रयोजनार्थ दुई वटा भवन भत्काउँदा निस्किएको मालवस्तुको सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो।<br>देहायः<br>१) साविकको भवन भत्काउँदा निस्केको ढुङ्गा मध्ये केही परिमाण सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्दा प्रयोग भएको देखिएकाले उक्त भवन निर्माणमा लाग्ने/लागेको ढुङ्गाको परिमाण, पुरानो भवन भत्काउँदा निस्केको परिमाण तथा थप ढुङ्गा निर्माण व्यवसायीले अन्यत्रबाट ल्याएको भए सो समेतको आधारमा सोलुदुधकुण्ड नगरपालिकाले साविक भवनबाट निस्केको ढुङ्गा मध्ये प्रयोग भएको परिमाण यकिन गरी सो बराबरको प्रचलित कानुन बमोजिमको राजस्व असुलीका लागि सोलुदूधकुण्ड नगरपालिकालाई अनुरोध गरी प्रक्रिया अगाडि बढाउने । साथै, कार्यालय परिसरमा थुप्रिएर रहेको पुरानो ढुङ्गा समेत परिमाण मूल्याङ्कन गरी बिक्री/प्रयोग तथा राजस्व असुली गर्ने ।<br>२) साविकको भवनबाट निस्केको पुराना जस्तापाता मध्ये केही काठ संरक्षणका लागि टहरा निर्माणमा प्रयोग भएको र केही सोलुदुधकुण्ड नगरपालिकाको भवन निर्माण |

| | | |
|---|---|---|
| | | गर्ने जिम्मेवारी पाएको निर्माण व्यवसायीले सिमेन्ट रड लगायत निर्माण सामग्री राख्न टहरा निर्माण तथा बारबन्देजमा प्रयोग गरेको पाइएकाले सोको पुराना प्वाल परेका जस्ता पाटाको नयाँ जस्तासँग १:३ अनुपातमा हुने मूल्य बराबरको जस्तापाता सोधभर्ना गरी कार्यालय प्राङ्गणमा भएको प्रतिक्षालय भवनहरुको छाना मर्मत गर्ने कार्य गर्ने गरी आवश्यक सहयोगका लागि सोलुदुधकुण्ड नगरपालिकालाई अनुरोध गर्ने।<br>३) सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यका लागि आवश्यक विद्युत व्यवस्था गर्न जिल्ला समन्वय समितिको कार्यालयको भवनमा जडान भएको विद्युत मिटरबक्सबाट सबमिटर राखी निर्माण व्यवसायीले विद्युत प्रयोग गरेकाले हालसम्म प्रयोग भएको विद्युतको महसुल भुक्तानी गर्न गराउन सोलुदुधकुण्ड नगरपालिकालाई लेखी पठाउने । |
| ६) | जिल्ला समन्वय समिति प्रमुखको भ्रमण आदेश स्वीकृति अनुमोदन सम्बन्धमा | जिल्ला समन्वय समिति सुनसरीको मिति २०८२।१०।०७ को पत्रानुसार जिल्ला समन्वय समिति महासंघ नेपालको ३१औं स्थापना दिवस मनाउने सम्बन्धमा कोशी प्रदेशको स्थापना दिवस जिल्ला समन्वय समिति सुनसरीमा मनाउने कार्यक्रममा उपस्थितिका लागि निमन्त्रणा भएको र सो पश्चात जिल्ला समन्वय समिति धनुषा, प्रदेश सरकारका कार्यालय तथा काठमाडौमा समेत समन्वयात्मक कार्यक्रम रहेकोले जिल्ला समन्वय समिति सोलुखुम्बुका प्रमुख कृष्ण प्रसाद निरौलाको मिति २०८२।१०।०८ देखि २०८२।१०।१४ सम्मको अवधिको लागि जिल्ला समन्वय समितिको बैठकबाट अनुमोदन हुने गरी भएको भ्रमण आदेश स्वीकृति अनुमोदन गर्ने । |
| ७) | | |